# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही

प.सं. प्रशासन /०७१/०७२ मिति :– २०७१।११।३
च.नं.

**विषय :– निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्था शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७१ साल माघ महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०७१।१०।६ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री बिष्णुदत्त गौतम ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिती :**

श्री बिष्णुदत्त गौतम - प्रमुख/का.अ. सि.न.पा.

आमन्त्रीत

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ - ब.ई., सि.न.पा.
श्री विवेक कुमार खनाल - ब.अ., सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री - ब.अ., सि.न.पा.
श्री देव प्रसाद ज्ञवाली - शाखा अधिकृत , सि.न.पा.
श्री श्रीराम गुप्ता - शा.अ. अध्यक्ष, कर्मचारी एशोसिएसन

**निर्णय नं. १(एक)**

सिद्धार्थनगर नगरपालिका वडा नं. १२ अन्तर्गत नारायणपथमा कि.न. २४, २५, २६ र २७ को क्षेत्रफल ६१८.७८ व.मि. जग्गामा नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडले भुई, प्रथम, दोस्रो, तेस्रो र चौथो तल्ला घर निर्माण गर्न ६५'०" उचाईको नक्सा पेश हुन आएकोमा नरपालिकाको नीति अनुरुप ५८'० " उचाई सम्मको भवनको स्वीकृति दिने व्यवस्था रहेको र सो भन्दा बढीको उचाईमा न.पा. बोर्डबाट विशेष स्वीकृति दिनसक्ने व्यवस्था अनुरुप उक्त पेश भएको नक्सा स्वीकृति दिने निर्णय गरियो ।


**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. २(दुई)**

सिद्धार्थनगर नगरपालिकाको वि.नं. १/२०७०/७१, लेखापाल, प्रशासन तर्फको पद १(एक) मा खुल्ला प्रतियोगिताद्वारा पदपुर्तिका लागि मिति २०७०।११।२ मा विज्ञापन भई दरखास्त आव्हान गरिएकोमा मिति २०७१।९।२८ मा सम्पन्न १८ औं नगरपरिषद् बैठकबाट कर्मचारीहरुको संख्या बढी भएकोले तत्काल थप कर्मचारी आवश्यक नपर्ने पदहरुको दरवन्दी खारेज गर्ने निर्णय गरेको र सो निर्णय अनुरुप उक्त लेखापाल पद १(एक) समेत दरवन्दी कटौतीमा परेको हुँदा सो पदको पदपुर्तिका लागि यस अघि प्रकाशित भएको उक्त विज्ञापन रद्द गरी दरखास्तवालाहरुको दरखास्त दस्तुर समेत फिर्ता दिने निर्णय गरियो ।

**निर्णय न. ३ (तिन)**

गत आ.व. ०७०।७१ मा लागत साझेदारी कार्यक्रम अन्तर्गत उपभोक्ता समितिबाट संचालित योजना तथा आकस्मिक योजना अन्तर्गत विभिन्न निर्माण कार्य गर्नका लागि स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को नियम ७६ बमोजिम सोझै खरिदका लागि कार्यादेश भएका निम्न लिखित कार्यहरुमा नदी जन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) को उत्खनन् र निकासी रोक्का भएको कारण म्यादभित्र निर्माण कार्य सम्पन्न नभएको भनी सम्बन्धित उपभोक्ता समिति तथा निर्माण व्यवसायीबाट म्याद थपका लागि निवेदन प्राप्त भएको र निजहरुले पेश गरेको व्यहोरा मनासीव भएको भनी प्राविधिकबाट राय समेत प्राप्त भएकोले निम्न योजनाहरुको म्याद देहाय बमोजिम हुने गरी थप गर्ने निर्णय गरियो ।

| क्र.स. | निर्माण व्यवसायी/उ.स. को. नाम | योजनाको नाम | सम्झौता रकम | सम्झौता वा कार्यादेश मिति | कार्यसम्पन्न गर्नु पर्ने मिति | म्याद थप मिति |
|---|---|---|---|---|---|---|
| १. | श्री प्रसाद कन्ट्रक्शन, वार्ड न.६ | वडा न.८ अन्नपूर्ण टोल ढक्कन लगाउने काम | १२६५८२।८२ | २०७१।२।१२ | २०७१।३।१० | २०७१।६।१० सम्म |
| २. | श्री दोर्जे कन्ट्रक्शन वार्ड न.१ | वडा न.८ अन्नपूर्ण पथ पूर्व बाटो निर्माण कार्य | १४९३६०।०८ | २०७१।३।१८ | २०७१।४।३० | २०७१।८।१० सम्म |
| ३. | श्री प्रतिविम्व निर्माण वुटवल वडा न.९ | वार्ड न.८ शालिग्राम पथमा सडक निर्माण कार्य | १४९३६०।०८ | २०७१।३।१८ | २०७१।४।३० | २०७१।८।१० सम्म |
| ४. | लक्ष्मी पथ नाला उपभोक्ता समिति वार्ड न. ६ | नाली निर्माण कार्य | १५१३४७२।६४ | २०७१।२।३० | २०७१।३।२५ | २०७१।११।३० सम्म |
| ५. | स्वर्गद्धारी घाट निर्माण उपभोक्ता समिति वार्ड न. २ | सीमा पथमा स्वर्गद्धारी घाट निर्माण कार्य | ४२६६०८।५१ | २०७१।२।२१ | २०७१।३।१५ | २०७१।९।३० सम्म |
| ६. | खाध गोदाम पश्चिम उपभोक्ता समिति वार्ड न. ८ | शिव मन्दिर उत्तर खाध गोदाम भवन पश्चिम नाला निर्माण कार्य | ४०००००।०० | २०७१।१।८ | २०७१।२।२५ | २०७१।१०।३० सम्म |



**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही

**मिति २०७१।१०।१४ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

**निर्णय नं. १ (एक)**

नेपाल सरकार र एशियाली विकास बैंकको अनुदान तथा ऋण सहयोगमा सिद्धार्थनगर नगरपालिकामा सञ्चालित एकीकृत शहरी विकास आयोजना अन्तर्गत निर्माण गर्न प्रस्तावित Integrated Solid Waste Management Subproject (IUDP/SWM/SDN/ICB-02) आयोजनाको २९ अक्टोबर २०१४ (१२कार्तिक २०७१) मा Republica, In Association with International New York Times राष्ट्रिय दैनिक पत्रिकामा अन्तराष्ट्रिय बोलपत्र आव्हान गरी १२डिसेम्बर २०१४ मा पेश हुन आएका ३ (तीन) वटा बोलपत्रहरु (१) UPL Environmental Engineers Ltd. - Khani Nirman Sewa Pvt. Ltd. JV, New Baneshwor-10, Kathmandu, Nepal; (२) Ramky & Nepal Adarsha Joint Venture, Kuleshwor, Kathmandu, Nepalर (३) Zhongding International Engineering Co. Ltd. - Pappu Construction JV, PC Tower, Tinkune, Kathmandu, Nepal को प्राविधिक प्रस्तावहरुमूल्यांकन समितिमा मूल्यांकन भई मूल्यांकन समितिको मिति २०७१।१०।१३ गतेको बैठकबाट सिफारिस भई पेश हुन आएको प्राप्त नतिजाको प्रतिवेदन अनुसार माथि उल्लेखित तीनवटै बोलपत्रदाताको प्राविधिक प्रस्ताव Bidding Document को section-3 - Evaluation and Qualification Criteria को 2.4.1 contracts of similar size and nature को Compliance Requirement मा Joint Venture को हकमा each partner requirement मा US $ 0.85 million को कार्य अनुभव हुनु पर्नेमा UPL Environmental Engineers Ltd. - Khani Nirman Sewa Pvt. Ltd. JV, New Baneshwor-10, Kathmandu, Nepal को दुई वटा Partner हरु मध्ये Khani Nirman Sewa Pvt. Ltd. को कार्य अनुभव US $ 0.48 million मात्र भई सारभूत रुपमा प्रभावग्राही नदेखिएको, Ramky & Nepal Adarsha Joint Venture, Kuleshwor, Kathmandu, Nepal को दुई वटा Partner हरु मध्ये Nepal Adarsha को US $ 0.51 million को मात्र कार्य अनुभव भई सारभूत रुपमा प्रभावग्राही नदेखिएको र Zhongding International Engineering Co. Ltd. - Pappu Construction JV, PC Tower, Tinkune, Kathmandu, Nepal को दुई वटा Partner मध्ये Pappu Construction को कार्य अनुभव US $ 0.49 million मात्र भई सारभूत रुपमा प्रभावग्राही नदेखिएको हुँदा माथि उल्लेखित तीनवटै बोलपत्रदाताको प्राविधिक प्रस्ताव बोलपत्र मूल्यांकन समितिको सिफारिस समेतको आधारमा अस्वीकृत गर्ने निर्णय गरियो । साथै प्राविधिक प्रस्ताव अस्वीकृत गर्ने न.पा.को यस निर्णय सम्बन्धमा ADB बाट आवश्यक सहमति प्राप्त भए पछि माथि उल्लेखित सबै बोलपत्रदाताको आर्थिक प्रस्ताव नखोली निजहरुलाई नै फिर्ता पठाउने निर्णय गरियो ।

**निर्णय नं. २(दुई)**

सिद्धार्थनगर नगरपालिकाले निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

**सार्वजनिक सुनुवाई कार्यक्रम**

१. मितिः– २०७१ साल फाल्गुण २९ गते, शुक्रवार
२. स्थानः– सि.न.पा.को सभागृह, वार्ड नं. १३ ।
३. समयः- विहानको १.०० बजे ।



**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np